सूचना नं. ०८

थासाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कोबाङ, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या २०८१/०८२

चलानी नं. ८

वि.सं.: २०८१/०५/०७

ने.सं.:११४४

## प्रस्ताव आव्हान सम्बन्धी सूचना !

प्रथम पटक सूचना प्रकाशित मिति:२०८१/०५/०७

यस थासाङ गाउँपालिकाको आ.व २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गरिने भएको हुँदा यस गाउँपालिका भित्रका इच्छुक कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारी बाट कार्यक्रम कार्यान्वयन गर्न निवेदन दिनको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५औ दिनभित्र अर्थात मिति २०८१/०५/२१ गते भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव निवेदन सहित तपसिल बमोजिमका आवश्यक कागजातहरू संलग्न राखी संम्बन्धीत वडाको वडा कार्यालय वा गा.पा को कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन अनुरोध छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल:**

| क्र.स | कार्यक्रमको नाम | बजेट रू लाखमा | माग गर्न सकिने सामाग्री | कैफियत |
|---|---|---|---|---|
| १ | टनेल खरिद, ढुवानी तथा वितरण (५० प्रतिशत अनुदान) | ८ | मध्यम वा ठुलो प्लाष्टिक टनेल | |
| २ | प्राङगारीक मल खरिद, ढुवानी तथा वितरण (५० प्रतिशत अनुदान) | १० | गड्यौला मल | |
| ३ | मिनि टिलर खरीद, ढुवानी तथा वितरण(५० प्रतिशत अनुदान) | २० | मिनि टिलर | |
| ४ | कृषि औजार खरिद, ढुवानी तथा वितरण(५० प्रतिशत अनुदान) | ५ | मकै छोडाउने मेसिन, मकै रोप्ने मेसिन, Electric sprayer र हजारी | |
| ५ | कपर स्टिम पेष्ट/ सर्वो तेल खरिद, ढुवानी तथा वितरण(५० प्रतिशत अनुदान) | १० | कपर स्टिम पेष्ट, सर्वो तेल(HMO), सर्वो तेल(TSO) | |
| ६ | स्याउ, ओखर, आलमोण्ड, किवि र अन्य बिरुवा खरिद, ढुवानी तथा वितरण (५० प्रतिशत अनुदान) | २० | डेलिसियस जातका स्याउ, दाते ओखर, आलमोण्ड, किवी, आरु र खुर्पानीको बिरुवा | |

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू**

१. प्रस्ताव निवेदन र कृषि गरेको विवरण (अनुसूची २ र अनुसूची ३) बमोजिम हुनुपर्ने।
२. वडा कार्यालयको दोहोरो सुबिधा नलिएको सिफारिस (अनुसूची ४) बमोजिम हुनुपर्ने।
३. नेपाली नागरिकताको प्रतिलिपि।

५/६

महेश अधिकारी
प्रमूख प्रशासकीय अधिकृत

थासाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कोबाङ, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या २०८१/०८२
चलानी नं.

वि.सं.: २०८१/०५/०७
ने.सं.:११४४

४. कृषक समूह/कृषि सहकारी/कृषि फर्मको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धीत निकायमा दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि साथै कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

५. कृषक समूह/कृषि सहकारीको हकमा कार्यसमितिको बैठकले अनुदान माग गरेको निर्णयको प्रतिलिपि।

६. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ बर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि।

*नोट:*

- किसानले माग गरेबमोजिम सामग्रि उपलब्ध हुने भएकाले आवश्यक परिमाण मात्र लेखाउन अनुरोध छ।
- प्रस्ताव पत्र/निवेदनको ढाँचा र कृषक विवरण ढाँचा सम्बन्धीत वडा कार्यालयबाट वा कृषि विकास शाखाबाट वा यस कार्यालयको वेवसाईट *http://www.thasangmun.gov.np* मा रहेको कृषि तथा पशुपालन अनुदान कार्यक्रम कार्यविधि- २०८० बाट प्राप्त गर्न सकिने छ।

थप जानकारी आवश्यक भएमा कृषि विकास शाखा, थासाङ वा मोबाईल नं. ९८६७१८५९३२/ ९८६०१८७६८२ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

महेश अधिकारी
प्रमूख प्रशासकीय अधिकृत